# धुलिखेल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## धुलिखेल, काभ्रे

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४/४/८

यस कार्यालयबाट नगरपालिका भित्रका कालोपत्रे गरिएका सडकहरुको पटहोल टाल्ने तथा प्याचिंग गर्ने कार्य ठेक्काबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुका अधिनमा शिलबन्दी दरपत्र आव्हान गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र यस कार्यालयबाट रु. १००० (अक्षेरुपी एक हजार रुपैया) मात्र दस्तुर (पछि फिर्ता नहुने) तिरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयभित्र रीतपूर्वकको निवेदन सहित चालु आ.व.को लागि नविकरण भएको इजाजतपत्र,स्थायी लेखा दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, गत आ.व.सम्मको कर विवरण बुझाएको वा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी खरिद गर्न सकिनेछ ।आ. व. को सुरुवाती चरण भएकोले नवीकरण र कर चुक्ता सम्बन्धमा गत आ.व. का प्रमाण पत्रहरु तथा कानुन बमोजिमका कागजात आवश्यक पर्ने छ ।

२. खरिद गरिएको दरभाउपत्र रीतपूर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई सहिछाप र फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. तोकिएको शर्त अनुसार र समयभित्र दर्ता हुन आएका बोलपत्रहरु १६ औं दिनको २.०० बजे दरभाउपत्र वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्रहरु खोल्ने काम रोकिने छैन ।

४. Bid Security बापतको जमानत रकम ,नगदै जम्मा गर्न धुलिखेल नगरपालिकाको नाममा , राष्ट्रिय बाणिज्य बैंक , धुलिखेल शाखा को धरौटी खाता १०४०३०३००७१०२ मा तथा यस कार्यालयको नाममा जारी गरीएको ७५ दिनको मान्य अवधि रहेको बैंक जमानत बापतको Bid Security देहाय बमोजिमको Bid रकम सहित पेस गर्नु पर्ने छ ।

५. यस दरभाउपत्र सम्वन्धी कागजातमा प्राविधिक पक्षको मुल्यांकनका कुनै पनि आधारहरु निर्धारण गरिएको तथा Pre-bid Meeting को व्यवस्था गरिएको छैन ।

६. अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ र पेश भएको दरभाउपत्र उपरको कारवाही नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

७. दरभाउपत्र खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिने छ ।

८. कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र आंशिक वा पूर्ण स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. यसमा उल्लेखित बाहेक अन्य विषयमा प्रचलित आर्थिक नियम तथा दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

१०. दरभाउपत्रको Bid Validity Period ४५ दिनको हुनेछ ।

| क.सं | ठेक्का नं. | कामको विवरण | फाराम दस्तुर | ल.ई.रकम ( भ्याट समेत ) | बिड बण्ड रकम (ने.रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | works/DMO/074-75/01 | कालो पत्रे सडक पट होल तथा प्याचिंग गर्ने ( मर्मत सम्भार कार्य) इन्जिनियरले निर्देसित गरे अनुरुपका ठाउहरुमा | ने.रु. १००० | १४,२५,००० | ३५,६२५ | |

कार्यकारी अधिकृत

Scanned by CamScanner